

# १ येशूको गवाही किन हुने?

*यस अध्यायका मूल पदहरू:* याकूब ५:१९,२०, लूका १५:६, सपनियाह ३:१७, यूहन्ना ७:३७,३८, १ तिमोथी २:३,४ र २ कोरन्थी ५:१४,१५।

*यस अध्यायका मूल सार पद:* **"३ यो राम्रो कुरो हो र हाम्रा मुक्तिदाता परमेश्वरले पनि यही स्वीकार्नुहुन्छ कि ४ सबै मानिसहरू बाँचून् वा उद्धार पाउन् र सत्यको ज्ञानलाई राम्ररी चिनून् भन्ने नै उहाँको इच्छा छ।" (१ तिमोथी २:३-४ रूपान्तरित)।**

सारा संसारका मानिसहरूप्रति परमेश्वरको यो अत्यन्तै गहिरो चाहना वा चासो छ। उहाँ चाहनुहुन्छ संसारका सबै मानिसहरू जहाँ रहेतापनि वा जोसुकै भएतापनि तिनीहरू परमेश्वरले देखाउनुभएको प्रेमप्रति जवाफदेही होऊन्, उहाँको अनुग्रहलाई स्वीकार गरुन्, उहाँको पवित्र आत्माद्वारा तिनीहरूको जीवनमा आमूल परिवर्तन वा कायापलट आओस् र उहाँको स्वर्गको राज्यमा सहभागी भई मुक्ति पाऊन्। शैतानको पासोबाट हामीलाई उम्काएर हामीलाई मुक्ति दिलाउने जस्तो परमेश्वरको महान् चाहना अरू कुनै पनि छैन। उहाँको प्रेमको कुनै सिमा छैन। उहाँको दयालाई नाप्न सकिंदैन। उहाँको करुणा असिमित छ। हामीलाई दिनुहुने उहाँको क्षमाशीलता कहिल्यै पनि सिद्धिदैन। उहाँको शक्ति अपार र अनन्तको छ। उहाँ मानिसहरूको दर्शन वा आविष्कार गरिएका देवीदेवताहरूभन्दा विपरीत हुनुहुन्छ। तिनीहरू मानिसहरूबाट धर्मको नाउँमा त्याग, बलि र तिनीहरू रित्तो हुन माग गर्दछन् भने हाम्रो परमेश्वरले हाम्रो निम्ति अत्यन्तै ठूलो त्याग गर्नुभयो र हाम्रो निम्ति उहाँ आफै बलि हुनुभयो। हामीले जतिसुकै मुक्ति चाहेको चाहना गरेतापनि वा स्वर्ग जाने भित्री इच्छा गरेतापनि हामी मुक्ति पाउन सकौं भन्ने चाहना हाम्रो

भन्दा परमेश्वरको नै धेरै छ। यस मामिलामा पावल भन्दछन् ""**३ यो राम्रो कुरो हो र हाम्रा मुक्तिदाता परमेश्वरले पनि यही स्वीकार्नुहुन्छ कि ४ सबै मानिसहरू बाँचून् वा उद्धार पाउन् र सत्यको ज्ञानलाई राम्ररी चिनून् भन्ने नै उहाँको इच्छा छ।" (१ तिमोथी २:३-४ रूपान्तरित)**। यस संसारमा शक्ति जमाइरहेको शैतानको पञ्जाबाट तपाईंले र मैले मुक्ति पाऔं भन्ने उहाँ भित्री हृदयदेखि चाहनुहुन्छ।

गवाही दिनु वा साक्षी बक्नुको अर्थ येशूको बारेमा अरूलाई जानकारी दिलाउनु हो। हामीले दिने गवाहीमा देहायका विषयहरू समावेश हुनुपर्छः हामीले पापबाट उद्धार पाउन उहाँले के गर्नु भयो, येशूलाई विश्वास गरेपछि हाम्रो जीवनमा कस्तो आमूल परिवर्तन आयो र परमेश्वरको वचनमा उहाँको चरित्रको सौन्दर्यता र मिठासपनलाई व्याख्या गरेको जानकारी। परमेश्वरको गवाही किन दिने र दिन किन आत्तुरी हुन्छौं त? जब उहाँ को हुनुहुन्छ भनेर हामी बुझ्छौं, हाम्रो जीवनमा उहाँको अचम्मको अनुग्रह र प्रेमको शक्तिको अनुभव हामी गर्छौं तब हामी चुप लागेर बस्नै सक्दैनौं। उहाँको निम्ति हामीले साक्षी किन बक्ने? जब परमेश्वरले मानिसहरूलाई मुक्ति दिने काममा हामी पनि सहभागी हुन्छौं तब उहाँको अनुग्रहले उद्धार पाएर उहाँको प्रेममा तिनीहरूको जीवन परिवर्तित वा कायापलट भएको देख्छौं तब उहाँले गर्नुहुने आनन्दमा हामी पनि भित्रिएका हुन्छौं।

## १. मुक्तिको निम्ति अवसरहरू उपलब्ध गराउने

प्रत्येक दिन परमेश्वर मानिसहरूले उहाँलाई चिनून् भन्ने अबसरहरू उपलब्ध गराउनुहुन्छ। ती मानिसहरू जो सुकै होऊन् वा जहाँ रहून्। उहाँको पवित्र आत्माद्वारा मानिसहरूको अन्तरआत्मा, विवेक वा चेतनामा परमेश्वर बोलिरहनुभएको हुन्छ। प्राकृतिक सौन्दर्यता र प्रकृतिमा भएका जटिल वा कम्प्लेक्स स्वभावहरूद्वारा उहाँले आफूलाई मानिसहरूसमक्ष प्रकट गर्नुहुन्छ। यस जगतको बिशालता, व्यवस्थित र संतुलित संरचनाले अनन्त परमेश्वरको बारेमा बोल्दै उहाँको असिमित ज्ञान र असिमित शक्तिको बारेमा वर्णन गर्दछ। उहाँ हाम्रो विभिन्न अवसर र संयोगद्वारा हामीलाई उहाँतिर तान्न चाहनुहुन्छ।

मानिसहरूको हृदयमा पवित्र आत्माको प्रभावले, प्रकृतिमा भएको महिमाले र विभिन्न अवसरहरूद्वारा परमेश्वरले आफूलाई प्रकट गर्नुभएतापनि उहाँको प्रेमको स्पष्ट प्रकट येशूको जीवन र सेवाकार्यद्वारा प्रकट गर्नुभएको

छ। जब हामी अरुलाई येशूको बारेमा सुनाउँछौं तब त्यसबेला तिनीहरू मुक्ति पाउन चाहन्छन् कि चाहदैनन् भन्ने निर्णय गर्ने अत्यन्तै उत्तम अवसर हामी तिनीहरुलाई उपलब्ध गराइरहेका हुन्छौं।

**याकूब ५:१९,२०सँग तुलना गरेर लूका १९:१० पढ्नुहोस्। यस संसारमा येशू ख्रीष्ट आउनुको लक्ष्य के थियो भनेर लूकाले कसरी उल्लेख गर्दछन्? पापको भूमरीमा हराइरहेकाहरूलाई उद्धार गर्न हामी येशू ख्रीष्टसँग कसरी सहभागी हुनसक्छौं? हेर्नुहोस् मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।" (लूका १९:१०) र "१९ मेरा भाइ हो, यदि तिमीहरूमध्ये कोही सत्यबाट बरालिएर जाँदा कसैले त्यसलाई फिराएर ल्यायो भने, २० त्यसले जानोस् कि जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फर्काएर ल्याउँछ, त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्य पापलाई ढाक्नेछ।" (याकूब ५:१९-२०)।**

याकूबको भनाइ स्पष्ट छ। उनी भन्दछन् "यदि कुनै पापीलाई उसको गलत बाटोबाट ठीक बाटोमा ल्याइयो भने उसलाई मृत्युको पासोबाट उद्धार गरिनेछ" (याकूब ५:२० रूपान्तरित)। यसको बारेमा अझ विस्तृत व्याख्या रोमीहरूको पुस्तकमा गरिएको छ। रोमी १ र २ अध्यायमा पावलले अयहूदी वा अन्य जाति र यहूदीहरूको बिषयमा आफ्नो स्पष्ट धारणा राख्दछन्। अन्यजाति वा अयहूदीहरूलाई प्रकृतिबाट परमेश्वरको बारेमा प्रकट गरिएको देखाइएको छ भने विभिन्न भविष्यवाणी र परमेश्वरको वचनबाट यहूदी वा इस्राएली जाति वा राष्ट्रलाई उहाँले आफूलाई प्रकट गर्नुभएको छ। तर ती दुवै समूह येशू ख्रीष्टबिना मुक्तिको बाटोबाट हराइरहेका वा बरालिरहेका हुन्छन् भनेर पावल जिकिर गर्दछन्। मुक्ति भनेको मानिसहरूको धर्मकर्मद्वारा होइन तर विश्वासबाट र अनुग्रहलेमात्र पाइन्छ भनेर रोमी ३-५ अध्यायमा पावल उल्लेख गर्दछन्। रोमी १० अध्यायमा पावलले आफ्नो अडान यसरी लिएका छन् "जसले प्रभुको नाउँ लिन्छ त्यो मानिसले उद्धार पाउँछ" (रोमी १०:१३ रूपान्तरित) साथै उनी स्पष्टरूपमा औंल्याउँछन् कि कसैले येशूको नाउँ लिन सक्दैन वा उहाँलाई विश्वास गर्न सक्दैन जबसम्म तिनीहरूले उहाँलाई विश्वास गर्दैनन् र जबसम्म तिनीहरूले येशूको बारेमा सुन्दैनन् तबसम्म तिनीहरूले उहाँलाई विश्वास गर्न सक्दैनन् र जबसम्म कसैले उहाँको बारेमा बोल्दैनन् तबसम्म तिनीहरूले सुन्न सक्दैनन् (रोमी १०:१४,१५ रूपान्तरित)। मुक्तिको योजनामा परमेश्वर र हराइरहेका वा मुक्तिको बारेमा वेवास्ता गर्ने

मानिसहरूलाई सुसमाचारको महिमासाथ जोड्ने डोरी हामी नै हौं भनेर प्रत्येक येशूभक्तले स्वीकार्नु जरुरी छ।

**जब हामी मानिसहरूको सामु परमेश्वरको बारेमा गवाही दिन्छौं तब तिनीहरूलाई केवल मुक्ति पाउने मौकामात्र दिइरहेका हुँदैनौं तर तिनीहरूले मुक्ति पाउने उत्तम अवसर हामीहरूलाई दिइरहेका हुन्छौं। मानव जातिलाई शैतानको पासोबाट उम्काएर परमेश्वरको मुक्तिको योजनामा सहभागी गराउन हामी येशूभक्त हौं वा इसाई हौं भनेर दावी गर्नेहरूको भूमिका के ? यो पनि सोच्नुहोस्, कि तपाईंकै मुखबाट सुसमाचारको बारेमा कतिले सुन्न पाएका छन्?**

## २. येशूलाई प्रसन्न पार्नु

"आजको दिन तपाईंलाई कस्तो लागिरहेको छ, के आज तपाईंको सबैथोक ठीक छ?" भनेर कसैले तपाईंलाई सोधेको छ? त्यही प्रश्न तपाईंले परमेश्वरलाई सोध्नुभयो भने के होला? "हे, प्रभु तपाईंको दिन कस्तो भइरहेको छ?" त्यतिवेला तपाईंले पाउनुहुने जवाफ कस्तो होला भनेर के तपाईंले कहिल्यै सोच्नुभएको छ? हुनसक्छ तपाईंको प्रश्नको जवाफमा उहाँले भन्नु होला? "मेरा दिनहरू अत्यन्तै कठिन भइरहेका छन्। शरणार्थी सिबिरमा हजारौं मानिसहरू चिसोले कठयाङ्ग्रीरहेका, भोकले बालबालीकाहरू रोइरहेका कुराले मेरा आँखाबाट आँशु बगिरहेका छन्। म संसारमा खचाखच भरिरहेका सहरहरूका सडकहरूमा घुम्छु। त्यहाँ भएका घरबार विहीन, असहाय, कङ्गाल र अनाथहरूलाई देखेर मेरो मन रोइरहेको छ। घरेलु हिंसा, महिलाहरूप्रति गरिएको दुर्व्यवहार र गरिब बालबालीकाहरूलाई यौन शोषणको निम्ति बेचेको देख्दा मेरो मन छियाछिया हुन्छ। लडाईं नै लडाईंले तहसनहस भएका राष्ट्रहरू, प्राकृतिक प्रकोपले ल्याएका विध्वंसहरू र मृत्युको मुखमा पुगेका रोगले पिडित भएका मानिसहरूको चित्कार सुनिरहनुपर्दा मेरो मन धुरुधुरु रोइरहेको छ" भनेर परमेश्वरले जबाबफ दिनुहुँदा के तपाईं फेरि यो प्रश्न सोध्ने आँट गर्न सक्नुहुन्छ र? "हे प्रभु, तपाईंको हृदय प्रशन्न पार्ने अरू केही कुरा छन् त? तपाईंको मन खुशीपार्ने कुनै गीत गाउन सकिन्छ र? तपाईंलाई आनन्द पार्ने केही कुरा छन् त?"

**देहायका कथाहरू पढ्नुहोस् र ती कथाहरूको अन्त्य कसरी भएका छन् त्यसले तपाईंलाई परमेश्वरको बारेमा के बताउला? हेर्नुहोस्, लूका १५ "१ कर उठाउनेहरू र पापीहरू सबै उहाँको वचन सुन्नलाई उहाँको नजिक**

आइरहेका थिए। २ "यस मानिसले त पापीहरूलाई ग्रहण गर्दछ, र तिनीहरूसँग खानपान गर्छ" भनी फरिसीहरू र शास्त्रीहरू गनगनाउन लागे। ३ तब उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो: ४ "तिमीहरूमध्ये कुन मानिस होला, जसको एक सय भेड़ामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोड़ेर हराएको भेड़ा नपाउञ्जेल त्यसको खोजी गर्दैन? ५ हराएको भेड़ा भेट्टाएपछि रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ, ६ र घरमा आएर उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाउँछ, र तिनीहरूलाई भन्छ, "मसँग रमाओ, किनभने मैले आफ्नो हराएको भेड़ा पाएको छु।" ७ म तिमीहरूलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढ़ी आनन्द हुनेछ। ८ "कुन स्त्री होली जसको दश चाँदीका सिक्कामध्ये एउटा हरायो भने बत्ती बालेर उसले त्यो नपाउञ्जेल घर बढ़ारिकन मेहनतसँग खोज्दिनरु ९ हराएको सिक्का पाएपछि उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाएर भन्छे, "मसँग रमाओ, किनभने मैले मेरो हराएको सिक्का पाएकी छु।" १० म तिमीहरूलाई भन्दछु, यसरी नै पश्चात्ताप गर्ने एक जना पापीको लागि परमेश्वरका स्वर्गदूतहरूका सामुन्ने आनन्द हुन्छ।" ११ उहाँले भन्नुभयो, "कुनै मानिसका दुई छोरा थिए। १२ कान्छाचाहिँले बाबुलाई भन्यो, "पिताज्यू, मेरो भागमा पर्ने धन-सम्पत्तिको हिस्सा मलाई दिनुहोस्।" तब तिनले आफ्नो सम्पत्ति तिनीहरूलाई बाँड़िदिए। १३ धेरै दिन बित्दा नबित्दै सबै धन-सम्पत्ति बटुलेर कान्छो छोरो टाढ़ा देशमा गयो, र त्यहाँ भोग-विलासमा आफ्नो सम्पत्ति उड़ायो। १४ त्यसले सबै रुपियाँपैसा खर्च गरिसकेको थियो। त्यसै बेला त्यस देशमा ठूलो अनिकाल पर्‍यो, र त्यसलाई अभाव हुन थाल्यो। १५ त्यो गयो, र त्यस देशको एक जना नागरिककहाँ त्यसले काम माग्यो। उसले त्यसलाई आफ्नो खेतमा सुँगुरहरू चराउन पठायो। १६ सुँगुरले खाने चारोले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई केही दिँदैनथियो। १७ जब त्यसको चेत खुल्यो, त्यसले भन्यो, "मेरा बाबुका धेरै ज्यालादारी चाकरहरू भरपेट खाएर उबार्ने गर्छन्, तर मचाहिँ भोकले मरिरहेछु। १८ म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, 'बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। १९ अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैनँ। मलाई तपाईंका ज्यालादारी चाकरहरूमध्ये एउटासरह तुल्याउनुहोस्।" २० तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो। तर त्यो धेरै टाढ़ा छँदा त्यसका बाबुले

त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौड़ेर गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे। २१ "छोराले तिनलाई भन्यो, "बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। म फेरि तपाईंको छोरो भनिने योग्यको छैनँ।" २२ तर बाबुचाहिँले आफ्ना कमाराहरूलाई भने, "झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई पहिराइदेओ। यसको हातमा औंठी, र खुट्टामा जुत्ता लगाइदेओ, २३ र पुस्टाइराखेको पशु मार, र हामी खाएर आनन्द मनाऔं। २४ किनकि यो मेरो छोरो मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ।" तब तिनीहरू आनन्द मनाउन लागे। २५ "त्यस बेला तिनको जेठो छोरो खेतमा थियो, र त्यो घरको नजिक आइपुग्दा त्यसले नाचगानको आवाज सुन्यो। २६ त्यसले चाकरहरूमध्ये एउटालाई आफूकहाँ बोलाएर "यो के भइरहेछ? " भनेर सोध्यो। २७ उसले त्यसलाई भन्यो, "तपाईंका भाइ आइपुगे, र तपाईंका पिताले पालिराखेको मोटो पशु मार्नुभयो। किनकि उहाँले तिनलाई सकुशल र स्वस्थ फर्किआएका भेट्टाउनुभयो।" २८ तर त्यो रिसायो, र भित्र जान मानेन, र त्यसको बाबुले बाहिर गएर त्यसलाई मनाउन लागे। २९ तर त्यसले बाबुलाई भन्यो, "हेर्नुहोस्, यतिका वर्ष मैले तपाईंको सेवा गरिरहेछु, अनि तपाईंको आज्ञा कहिल्यै उल्लङ्घन गरिनँ, तापनि मैले आफ्ना साथीहरूसँग आनन्द मनाउन तपाईंले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन। ३० तर तपाईंको सम्पत्ति वेश्याहरूसँग उड़ाउने यो तपाईंको छोरो आउँदाचाहिँ तपाईंले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो।" ३१ तब तिनले त्यसलाई भने, "छोरा, तिमी त मसँग सधैंभरि छँदैछौ, अनि मेरो सबै सम्पत्ति तिम्रै हो। ३२ तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ।"

जब परमेश्वरलाई विश्वास नगरि आफ्नै पापको भुमरीमा रमाएर नाश हुन चाहने उहाँबाट हराइरहेको मानिस भेट्टाइन्छ त्यसवेला सारा स्वर्गमा खुशियाली हुन्छ। रोगव्याधी, प्राकृतिक र मानवीय कारणले सन्तापमा परिरहने र मृत्युको पर्खाइमामा रहेका मानिसहरूले भरिएरहेको यो संसारमा जब कसैले सुसमाचार सुनाउँछ भने त्यतिवेला परमेश्वरको हृदय खुशी हुन्छ। येशूको प्रेम अरूलाई सुनाउँदा परमेश्वरको हृदयमा अत्यन्तै आनन्द आउँछ भन्ने आत्मज्ञान कसैले बुझ्न सक्यो भने त्यो नै गवाही दिनुपर्ने प्रेरणाको अत्यन्तै महान् स्रोत हुन सक्छ। जब जब हामी परमेश्वरको प्रेमलाई अरूको सामु कुनै न कुनै

तरिकाले प्रकट गर्छौं तब तब स्वर्गका जीवहरू आनन्दसाथ गीत गाएर रमाउँदछन्।

**जुनवेला हामी परमेश्वरले दिनुहुने मुक्तिको अनुग्रहलाई स्वीकार्छौं त्यसबेला परमेश्वरको प्रतिक्रिया कस्तो रहला? हेर्नुहोस्, सपन्याह ३:१७ "परमप्रभु तिम्रो परमेश्वर तिमीसित हुनुहुन्छ। उहाँ बचाउनलाई सामर्थी हुनुहुन्छ। उहाँ तिमीसित अत्यन्तै आनन्दित हुनुहुन्छ। उहाँले आफ्नो प्रेममा तिमीलाई शान्त पार्नुहुनेछ। गीत गाएर उहाँ तिम्रो वारेमा रमाउनुहुनेछ।"**

तपाईं यो दृश्य कल्पना गर्नुहोस्। तपाईंको गवाहीले कुनै पुरुष वा स्त्री वा केटा वा केटीले येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाता भनेर ग्रहण गर्यो रे! र सारा स्वर्ग नै खुशीको गीतले गुञ्जयमान भयो र हाम्रा शक्तिशाली मुक्तिदाता त्यस व्यक्तिको कारणले गर्दा गीत गाएर आनन्दित हुनुभयो।भने यस दुःखद, उदासिन र कहालीलाग्दो संसारमा तपाईंको गवाहीले परमेश्वरको हृदयमा ल्याउने आनन्दको ज्ञान तपाईंले थाहा पाउन सक्नुजस्तो आनन्दको कुरा अरू के हुन सक्ला?

## ३. दिएर बढ्नु

**मध्यपूर्व एशियाली मुलुक** इस्राएल देशमा एउटा समुद्र छ। त्यसलाई डेड सी अर्थात् मृत सागर भनिन्छ। त्यो सागरलाई संसारको सबभन्दा तल्लो भाग वा तह भनेर मानिन्छ। यो समुद्री सतह भन्दा १,३८८ फिट तल छ। त्यही राष्ट्रमा जोर्डन वा यर्दन नदी पनि छ। यो नदी गालिलको समुद्रबाट बहेर आउछ। त्यस समुद्रबाट आएको हावा जोर्डन उपत्यकामा बहन्छ र त्यो बहदै बहदै मृत सागरमा पुग्छ र त्यहींबाट त्यो हावा गायब हुन्छ।

अत्यन्तै तातो र सुख्खा हावापानी, चर्को घाम र मरुभूमिको कारणले गर्दा मृत सागरको पानी तुरन्तै बाफ भएर उड्छ। मृत सागर नुनै नुनभएको र त्यसको ३३.७ प्रतिशत पदार्थ खनिज पदार्थ भएको कारणले त्यहाँ ताजा पानी पाइदैन। त्यहाँ कुनै माछा र समुद्रमा पाइने बिरुवा पनि पाइदैन। समुद्रमुनि केवल केही माइक्रोब वा शुक्ष्म जीव र आँखाले नदेखिने बाक्टेरिया वा परजीवहरू मात्र पाइन्छन्।

हामीले आफूलाई जतिसुकै इसाई वा येशूभक्त भनेर दावी गरेपनि यदि हामीमा भएको परमेश्वरको अनुग्रह अरूको जीवनमा बहाउन सकेनौं भने हामी पनि मृत सागर जस्तै हुन्छौं। यदि हामी येशूलाई माया गर्छौं र विश्वास गर्छौं

भने हाम्रो हृदय र जीवन पनि अरूको निम्ति बहिरहने सजिव नदी जस्तै हुनुपर्छ। हाम्रो जीवन जमिरहने ताल जस्तो हुनुहुँदैन।

**जब येशूको जीवनबाट आउने जीवित, ताजा र स्वच्छ पानी विश्वासीहरूको जीवनमा बहन्छ वा बहन दिनुहुन्छ तब त्यसको स्वभाविक नतिजा के हुन्छ? हेर्नुहोस्, यूहन्ना ७: ३७-३९ "३७ चाडको आखिर र सबैभन्दा मुख्य दिनमा येशूले उभिएर सबैले सुन्ने गरी भन्नुभयो, "तिमीहरूमध्ये तिर्खाउनेहरू जति छौ, मकहाँ आएर पिओ। ३८ धर्मशास्त्रले भनेजस्तै ममाथि विश्वास गर्ने मानिसको हृदयबाट जीवन दिने खोलाहरू बगिरहनेछन्।" ३९ यो कुराचाहिँ येशूले आफूमाथि विश्वास गर्ने जतिले पाउने पवित्र आत्माको बारेमा भन्दै हुनुहुन्थ्यो किनभने त्यस बेलासम्म येशू स्वर्गमा नफर्किनुभएकोले परमेश्वरले पवित्र आत्मालाई पठाउनुभएको थिएन।" र लूका ६:३७-३८ "३७ अरूलाई दोष नलगाओ अनि परमेश्वरले पनि तिमीहरूलाई दोष लगाउनुहुनेछैन। अरूको गल्ती खोज्ने नगर ।अनि परमेश्वरले पनि तिमीहरूको गल्ती खोज्नुहुनेछैन। अरूलाई माफ देओ अनि परमेश्वरले पनि तिमीहरूलाई माफी दिनुहुनेछ। ३८ अरूलाई देओ अनि परमेश्वरले पनि तिमीहरूलाई दिनुहुनेछ। उहाँले त खाँदीखाँदी झुसी पारेर दिनुहुनेछ। जुन नापले तिमीहरू अरूलाई दिन्छौ, त्यही नापले तिमीहरूले पनि पाउनेछौ।"**

"हाम्रो सहायताबिना नै परमेश्वरले अरूलाई उद्धार गर्न सक्नुहुन्छ। तर हामीमा येशूको जस्तो चरित्र वा स्वभावको बिकास गर्न हामीले उहाँसँग सहभागि भएर काम गर्नै पर्छ। उहाँको आनन्दमा हामी सहभागिहुन र उहाँको त्याग र बलिदानलाई स्वीकार गर्दै उहाँलाई विश्वास गरेर मुक्ति पाउँदा खुशी हुनेहरूको आनन्द देख्न पाउनु तिनीहरूको मुक्तिको निम्ति उहाँले गर्नुहुने परिश्रममा हामीले सहभागि हुनै पर्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. १४२बाट रूपान्तरित।

"जुन मानिसले पापमाथि बिजय प्राप्त गर्छ उसले आफूहरूलाई लुकाइ राख्न सक्दैन। पापमाथि बिजय पाएर जिउने महान् काम प्राप्त गरिरहन अरूको मुक्तिको निम्ति तीब्र चासो देखाइरहनै पर्छ।"-एलेन जी ह्वाइट, फन्डामेन्टल अभ क्रिश्चियन एजुकेशन, पृ. २०७बाट रूपान्तरित।

हाम्रो जीवनमा येशूले जे गर्नुभयो सो कुरा अरूलाई बाँड्दा हामी आफैमा पनि आत्मिक जीवनको बिकास हुँदै जान्छ। येशूले हाम्रो निम्ति जे जे गर्नुभयो सो थाहा पाउँदा पाउँदै पनि हामीमा के स्वार्थ लुकेको हुन्छ जसले

अरूलाई सो कुरा बाँड्नबाट हामीलाई रोकिराखेको हुन्छ? परमेश्वरले सित्तैंमा हामीलाई दिनुभएको आशिष अरूलाई बाँड्नु पर्दैन र? यदि हामीमा भएको आस्था वा येशूको जीवनलाई हामीमै गुम्स्यायौ वा सिमित गर्यौं भने हाम्रो आत्मिक जीवन पनि मृत सागर वा जमेको ताल जस्तै हुनेछ।

**अरूलाई येशूको बारेमा गवाही दिंँदा तपाईंले कस्तो अनुभव गर्नु भएको छ? त्यो गवाही दिनु भनेको अरूसँग प्रार्थना गर्नु वा अरूको आवश्यकतामा सहयोग गर्नु पनि हो। ती अनुभवहरूले तपाईंको आस्था र प्रभुसँग सँगै हिंड्ने खुबीमा कसरी प्रभाव पारेको छ?**

## ४. येशूको निर्देशनप्रति बफादार हुनु

यदि कोही येशूप्रतिको निष्ठामा बफादार भई रहन चाहन्छ भने उहाँको इच्छामा समर्पित भएर बस्नु पनि जरुरी हुन्छ। यसको अर्थ उहाँका आज्ञा वा निर्देशनहरू पालना गर्न जरूरी हुन्छ। जब परमेश्वरबाट टाढा भइरहेका वा हराइरहेकाहरूले मुक्ति पाऊन् भनेर उहाँको हृदय धडकीरहन्छ तब त्यस धड्कनसँग उहाँप्रतिको निष्ठा वा आस्थामा रहनेहरूको हृदयको धड्कन पनि जोडिन जान्छ। उहाँले जुन कुरालाई प्राथमिकता दिनुभएको हुन्छ त्यसैमा उहाँप्रति निष्ठाराखेहरूले पनि प्राथमिकता दिंदछन्।

**परमेश्वरको सदाशयी हृदय कस्तो छ भन्ने विषयमा देहायका केही पदहरूले के भन्दछ? मानिसहरूप्रति उहाँको प्राथमिकता कस्तो छ? हेर्नुहोस्, १ तिमोथी २:३-५ "३ हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ। ४ सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ। ५ किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ मानिस, ख्रीष्ट येशू। ६ उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठीक समयमा दिइयो।" र २ पत्रुस ३:९ "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।"**

संसारमा जन्मेका प्रत्येक मानिसले मुक्ति पाऊन् भन्ने परमेश्वरको तीव्र अनि ठूलो चाहना छ। मानिसहरूले मुक्ति पाऊन् भन्ने महत्त्वपूर्ण प्राथमिकताजस्तो महत्वको विषय यस संसारमा अरू कुनै छैन। सबैले मुक्ति

पाऊन् वा शैतानको पासोबाट उद्धार पाऊन् र सत्य आत्मज्ञानमा आऊन् भन्ने परमेश्वरको गम्भीर चाहना हो (१ तिमोथी २:४)। सबैले पश्चाताप गरून् ताकि कोही पनि नाश नहून् भनेर उहाँ धैर्यधारण गरेर पर्खिरहनुभएको छ (२ पत्रुस ३:९)। परमेश्वरको चाहनालाई सेभेन्थ-डे एडभेन्टिस्ट बाइबल कमेन्टरीले उल्लेख गरेको शब्द *बुलोमाइ* (*boulomai*) हो। त्यसले दिमागको नियतलाई सम्बोधन गर्दछ। त्यसको अर्थ 'इच्छा' वा 'भित्री चाहना' हो। कमेन्टरीले एउटा सानो शब्द "तर"लाई अर्थपूर्ण ढंगले प्रस्तुत गर्दछ। ग्रीक भाषामा यो "तर" भन्ने शब्द *आला (alla )* हो। यसले परमेश्वरको स्वभावलाई मानिसले गर्ने गलत व्याख्याको बिपरीत कुरालाई बुझाउँदछ। किनभने कतिपय मानिसहरूले "कोही कोही मानिसहरू नाश होऊन् वा सत्य ज्ञानमा नआऊन् भन्ने उहाँको चाहना हो" भनेर परमेश्वरको सदाशयताप्रति हिलो छ्याप्ने काम गरिरहेका हुन्छन् (एसडिए बाइबल कमेन्टरी, ठेली ७, पृ. ६१५बाट रूपान्तरित)। उहाँको प्रेम, अनुग्रह र सत्यको गवाही दिने ख्रीष्टको लक्ष्यसँग सामेल हुन उहाँले प्रत्येक येशूभक्तलाई निर्देशन दिनुभएको छ। उहाँमा भएका ती प्रेम, अनुग्रह र सत्य सद्‌गुणहरू मानव जातिले मुक्ति पाऊन् भन्ने इच्छाबाटै उब्जिएका हुन्।

**यशैया ४९:६सँग प्रेरित १३:४७ पढ्नुहोस्। सुरुमा यो अंशले कसलाई सम्बोधन गरेको हो? तर पावलले त्यसलाई कसरी प्रयोग गरेका थिए? हेर्नुहोस्, प्रेरित १३:४७ "किनकि प्रभुले हामीलाई यस्तो आज्ञा दिनुभएको छ, 'पृथ्वीको पल्लो छेउसम्म मुक्ति पुऱ्याउन मैले तिमीलाई अन्यजातिहरूका निम्ति ज्योति हुन नियुक्त गरेको छु'।" र यशैया ४९:६ "उहाँ भन्नुहुन्छः 'याकूबका कुलहरूलाई फेरि पुनर्स्थापन गर्न र इस्राएलको बाँकी भागलाई फेरि फर्काई ल्याउन तिमी मेरो सेवक हुने कुरो तिम्रो लागि अति सानो कुरो छ। पृथ्वीको पल्लो छेउसम्म तिमीले मेरो उद्धार पुऱ्याऊ भनी अन्यजातिहरूकहाँ एउटा ज्योति पनि म तिमीलाई बनाउनेछु।'"**

पुरानो करारमा लेखिएका भविष्यवाणीहरूको अर्थ कतिपय समयमा एक भन्दा बढी लाग्दछ। पावल त्यो भविष्यवाणी पहिला इस्राएली वा यहूदी जातिलाई दिइएको थियो भनेर स्वीकार्दछन्, अनि त्यो भविष्यवाणी येशूमा लागु भएको थियो भनेर पनि भन्दछन् (यशैया ४१:८, यशैया ४९:६ र लूका २:३२)। अनि अन्तमा आएर नयाँ करारमा रहेका येशूका चर्च वा विश्वासीहरूलाई त्यस भविष्यवाणीले सम्बोधन गरेको थियो भन्ने पावलको

जिकिर छ। येशूप्रति निष्ठावान छु भनेर दावी गर्ने चर्च वा विश्वासीहरूले येशूको निर्देशन वा आज्ञालाई वेवास्ता गर्नु वा यो काम हाम्रो होइन मिशन कर्मचारीको हो भनेर पन्छाउने कुराले "इसाई वा येशूका भक्त" भनेर दावी गर्नेहरूको अस्तित्वको अवमूल्यन गर्नसक्छ।र संसारमा येशूभक्तहरूले येशूको शुभसन्देश बाड्ने विषयलाई नै  अर्थहीन बनाउन सक्छ।

**जब समग्र चर्च वा स्थानीय चर्च वा कुनै विश्वासीको ध्यान आफैमामात्र केन्द्रित हुन्छ र चर्चको अस्तित्वलाई वेवास्ता गरिन्छ तब चर्च वा हामीमाझ कस्तो खतरा उत्पन्न हुनसक्छ?**

## ५. प्रेमबाट उत्प्रेरित हुनु

"हामीले किन येशूको गवाही वा उहाँको साक्षी हुनुपर्छ" भन्ने विषयमा हामीले हेर्यौं। हामीमा भएको आस्थाको विषयमा अरूलाई सुनाउँदा यस संसारमा परमेश्वरको लक्ष्यमा उहाँसँगै सहकार्य गरेर चल्दा हामीलाई कस्तो आनन्द आउँछ भन्ने कुरा हामीले यस अध्यायमा बुझ्यौं। जब हामी परमेश्वरको प्रेमको गवाही दिन्छौं तब मानिसहरूले उहाँबाट पाउने मुक्तिमा सहभागी हुने ठूलो अवसर पाउँनेछन् किनभने हामीबाट नै उहाँको अनुग्रह र सत्यलाई तिनीहरूले स्पष्टरूपमा देख्न पाएका हुन्छन्।

फेरि सुसमाचारको प्रचारमा लागेरमात्रै हामी संतुष्ट भएर बस्नु पनि मनासिव हुँदैन। किनभने जब हामी सुसमाचार सुनाउँछौं वा उहाँको गवाही दिन्छौं तब हामीमा हुनुपर्ने आत्मिक बिकास हुन सहयोग मिलोस् भन्ने पनि परमेश्वरको चाहना हो। त्यसको अर्थ यो हो कि सुसमाचार प्रचारप्रसारमात्र गर्ने तर त्यसको मर्मलाई हामीले व्यवहारमा लागु गरेनौं वा हाम्रो आत्मिकज्ञानको क्षमतामा विकास गरेनौं भने हामीलाई केही लाभ हुँदैन। जब येशूले हाम्रो व्यक्तिगत र आत्मिक जीवनमा दिनुभएको आशिष अरूलाई सुनाएनौं र अरूको सेवा गरेनौं भने त्यसले हामीमा हुनुपर्ने सच्चा र परिपक्व आत्मिक जीवनलाई नै निमोठी दिन्छ वा दवाइदिन्छ।

जब हामी येशूको निम्ति गवाही बन्छौं वा उहाँको गवाही दिन्छौं तब हाम्रो हृदय सबै मानिसहरूले मुक्ति पाऊन् भन्ने परमेश्वरको हृदयसँग हाम्रो चाहाना मिलिरहेको हुन्छ। गवाही दिनु भनेको उहाँको निर्देशनको पालना गर्नु हो। अब हामी सबै खालका गवाहीहरू, सबभन्दा ठूलो प्रेरणा, जोश, वा उत्साह दिने तत्व के के हुन् भनेर केलाउनेछौं।

सुसमाचार प्रचार गर्दा पावलले धेरै दुःख, कष्ट, परीक्षा र संघर्षहरूको सामना गर्नु परेको थियो। तर उनी हताश वा निराश भएर सुसमाचार सुनाउने लक्ष्यमा बिचलित भएनन्। येशूको गवाही हुन र सुसमाचार प्रचार गर्ने जोश, प्रेरणा र साहस पावललाई कहाँबाट आयो? त्यही जोश, प्रेरणा र साहस येशूको सेवागर्दा हामीमा किन आउदैन? हेर्नुहोस् २ कोरन्थी ५:१४-२० "१४ *खीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे। १५ उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो।* १६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले खीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ *यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई खीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् खीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी खीष्टका राजदूतहरू हौं, र परमेश्वरले* हामीद्वारा *अनुरोध गरिरहनुभएको छ। खीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ।"*

खीष्टको प्रेमले नै पावललाई जोशिलो, प्रेरणादायी र उत्साही बनाएको थियो। हामी नै जीवनमा कतिपय कुराहरू गर्छौं जुन प्रेमको कारणले नै गर्छौं अरू कारणले होइन। जब कि पावल स्पष्टरूपमा यसरी व्यक्त गर्दछन् "खीष्टको प्रेमले नै हामीलाई वाध्य बनाउँछ वा घचेट्डछ" उनले अनन्त सत्यको निम्ति बोलिरहेका थिए। "वाध्य" भन्नुको अर्थ "जबरजस्ती" नभएर "उत्साहित बनाउनु, जोशिलो बनाउनु, धकेल्नु, उक्साउनु, बसमा राख्नु वा अत्यन्तै प्रेरित हुनु" हो। यसले गर्दा पावलको क्रियाकलाप र गवाही दिने जोशलाई खीष्टको प्रेमले नै नियन्त्रण गरेको थियो। आफ्नो लक्ष्यमा बिचलित नभई एउटै दिमाग वा दत्तचित्त भएर त्यसबेलाको भूमध्यसागरमा रहेका राष्ट्रहरूमा पावलले मुक्तिको योजना बाँडेका थिए।

"मानिसको हृदयमा प्रेमले राज गर्नैपर्छ। पक्का अर्थात पाको इसाईले गर्ने सबै कामहरू उसमा भएको येशूप्रतिको गहिरो प्रेमले नै अभिप्रेरित हुनुपर्छ। येशूख्रीष्टप्रतिको स्नेह, प्यार, माया आदिले विश्वासीको हृदयमा जरा गाडियो भने आफ्ना विश्वासी भाइबहिनीहरूप्रति निस्वार्थ चासो देखाउन सकिन्छ।"-एलेन जी ह्वाइट, *एडभेन्टिस्ट होम,* पृ. ४२५बाट रूपान्तरित।

जब हामीमा ख्रीष्टको बिशाल वा असिम त्याग र बलिलाई साचोरूपमा चिन्न सक्ने खुबी हुन्छ वा महसुस गर्न सक्छौं तब उहाँले हाम्रो निम्ति के गर्नुभयो सो कुरा अरूलाई बाँड्न हामी जिम्मेवारी हुन्छौं।

**सारा जगत र नक्षत्रहरू सृष्टिगर्नुहुने परमेश्वरनै हाम्रो निम्ति क्रुसमा मर्नुभएको थियो। यो अचम्मको प्रेम र सत्यले हामीप्रति हुनुपर्ने परमेश्वरको प्रेमलाई कसरी जागृत गराउने र अरूलाई पनि उहाँको प्रेम बाँड्न किन उत्साहित नगर्ने?**

## उपसंहार

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *द आक्टस अभ द आपोस्टलसको* पृ. ९-१६को "गडस पर्पोज फर हिज चर्च" र *द डिजाएर अभ एजेजको* पृ. ८२२-८२८को "गो टिच अल नेशनस्।"**

येशूको निर्देशन अनुसार उहाँको मृत्युपछि उहाँका चेलाहरू र प्रेरित पावलको पहलमा धेरै मानिसहरू इसाई भएका थिए। नयाँ करारको सुरूमा चर्च भवनहरू नभएतापनि धेरै मानिसहरू निजी घरहरूमै परमेश्वरको सेवाकार्य गर्दथे। त्यसबेला भेला भएका येशूका विश्वासीहरूलाई नै चर्च भनेर सम्बोधन गरिन्थ्यो। तिनीहरूको आय आर्जन गर्ने आ आफ्नो जे जस्तो कामहरू भएतापनि अरूलाई सुसमाचार सुनाउने तिनीहरूमा जोशिलो जिम्मेवारी थियो। समय बित्दै जाँदा कतिपय चर्च वा विश्वासीहरूले आफ्नो अस्तित्वलाई गुमाउने खतराको सामना गर्नुपरेको थियो। त्यस खतरालाई मध्यनजर गर्दै एलेन जी ह्वाइट यसरी व्याख्या गर्छिन्, "जब यरुशलेमका चर्चमाथि सतावट आयो तब त्यसको नतिजाले सुसमाचारको काम गर्न झन ठूलो शक्ति पाएको थियो। परमेश्वरको वचनको सेवामा सफलता नै सफलता मिलेको थियो। तर कतिपय समयमा येशूका चेलाहरू येरुशलेममा नै अलमलिएर बस्लान भन्ने खतरा बढेको थियो। संसारतर्फ फर्कनु येशूको आदेश विपरीत थियो। दुष्ट वा शैतानसँग मुकाबिला गर्न उसको शक्तिलाई वेवास्ता नगरि परमेश्वरको निम्ति जोशिलो भएर सेवा गर्नुपर्दछ। शत्रुको आक्रमणबाट यरुशलेममा रहेको चर्चलाई सुरक्षा

दिने काम महत्त्वपूर्ण छ भनेर ती चेलाहरूले ठानेका थिए। येशूका नयाँ विश्वासीहरूलाई शिक्षादीक्षा दिएर सुसमाचार नसुन्नेहरूलाई सुसमाचार सुनाउने अभिभारा दिनुको सट्टा आफूले जे गरिरहेका थिए त्यसैमा संतुष्ट भइरहने खतरा ती चेलाहरूमा थियो।"-आक्टस् अभ आपोस्टल्स, पृ. १०५बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ· माथि दिइएका एलेन जी ह्वाइटको भनाइलाई ध्यान दिएर पढ्नुहोस्। त्यसमा बिशेष गरेर अन्तिम हरफ हेर्नुहोस्। हामीमा पनि त्यही खतरा उत्पन्न हुन नदिन किन होशियार हुनुपर्छ? हाम्रो अगाडि सुसमाचार सुनाउने काममा जटिलता उत्पन्न भएको परिप्रेक्ष्यमा हामी आफ्नै घेरामा सिमित रहेर संतुष्ट हुने मनस्थिति किन दुःखपूर्ण र गलत छ?

आ· सुसमाचारका पुस्तकहरू किन एकै खालको आदेशमा सिमित भएको होला? हेर्नुहोस्, मत्ती २८:१८-२० "१८ तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, 'स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। १९ यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।'", मर्कूस १६:१५,१६ "१५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, 'सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। १६ विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ।", लूका २४:४६-४९ "४६ उहाँले तिनीहरूलाई भन्नुभयो, 'यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ। ४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।" र यूहन्ना २०:२१ "२१ तब

येशूले फेरि तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।" पहिलो शताब्दिका विश्वासीहरूको निम्ति त्यो आदेशको अर्थ के थियो र बर्तमान समयमा हाम्रोलागि के हुनुपर्छ?

इ· पक्का वा असली आत्मिक जीवनको सट्टामा गवाही दिने र परमेश्वरको निम्ति सेवाकार्य गर्ने पद्धतिमात्र असल मान्न सकिन्छ र? अरूलाई सुसमाचार सुनाए पुगिहाल्छ नि वा चर्चको कर्मचारी भएर सेवा गरे पुगिहाल्छ नि । किन व्यक्तिगत आराधना वा बाइबल अध्ययन गरेर आत्मिक हुनु जरुरी छ र? भन्ने धरापबाट हामी कसरी सचेत रहने?

ई· गवाही दिँदा र सेवा गर्दा तपाईंको आफ्नै आत्मिक जीवनको बिकास हुने कुरालाई तपाईंले कसरी सोच्नुभएको छ? यस मामिलामा तपाईं आफैले के सिक्नुभयो र अरूलाई के सिकाउन सहयोग गर्न सक्नुहुन्छ?

उ· यस संसारमा जन्मेका प्रत्येक व्यक्तिलाई परमेश्वरले व्यक्तिगत रुपमै प्रेम गर्नुहुन्छ भन्ने अचम्मको आत्मज्ञानलाई ध्यान दिनुहोस्। यसलाई तपाईंले कसरी बुझ्नु भएको छ? यस जगतका सत्यहरूमध्ये यस सत्यले तपाईंको जीवन शैलीमा कस्तो असर पार्नुपर्छ?

## एयरपोर्टमा भएको रोकावट

-ग्लेन अर्नफोर्ड लाई



न्यायको दिनमा केवल एउटै मात्र प्रश्न सोधिनेछ। जब म अमेरिकाको अरिगन राज्यको पोर्टल्यान्ड एयरपोर्टमा अन्तराष्ट्रिय बिमानबाट ओर्लदै थिए तब मैले त्यहीं प्रश्न सुनेको थिएँ।

त्यसवेला अध्यागमन अफिसरले मेरो नर्वेको पासपोर्ट हेर्दै मलाई सोधे, “तपाईं यहाँ आउनुको योजनाहरू के के छन्?"

“म साथीलाई भेट्न आएको हुँ ," मैले जवाफ दिएँ।

“तपाईंलाई साथीको ठेगाना थाहा छ ?" उनले सोधे।

“अहँ मलाई थाहा छैन। तर मेरो साथीले मलाई एयरपोर्टमा लिन आउँदैछिन्" मैले जवाफ दिएँ। मलाई साथीको ठेगाना थाहा नभएको कुराले ती अध्यागमनका अफिसर मेरो जवाफप्रति त्यति संतुष्ट भएनन्। र उनले मलाई फेरि सोधे, “तपाईंले ती साथीलाई कहाँ भेट्नुभयो?" “लण्डन कलेजको बाहिरी परिसरमा" मैले जवाफ दिएँ।

“लण्डनमा तपाईंले के पढ्नुभयो?" उनले सोधे।

“धार्मिक दर्शन अर्थात् थियोलोजी" मैले जवाफ दिएँ।

त्यस अध्यागमन अफिसरले मेरो अनुहार नियालेर हेरे।

“के तपाईं विश्वासी हुनुहुन्छ?" उनले सोधे।

“हजुर" मैले जवाफ दिएँ।

ए, अनि तपाईले कसरी मुक्ति पाउनुभयो त ?" उनले सोधे।

मेरो मुखबाट जवाफ निस्कियो, “किनभने मेरो निम्ति येशू मर्नुभयो।"

“सही जवाफ" उनले भने “ अब तपाईं अमेरिका जान सक्नुहुन्छ।"

मुस्कुराउदै म अमेरिका छिरे।

जब म सुटकेस लिने ठाउँ तर्फ हिंडिरहेको थिएँ तब ती अध्यागमन विभागका अफिसरसँग भएको कुराकानी मेरो दिमागमा गुन्जिरह्यो। न्यायको दिनमा केवल एउटमात्र प्रश्न सोधिनेछः “तपाईंले किन मुक्ति पाउनुभयो?" त्यसको जवाफ १ यूहन्ना ५:९-१३मा छ। जहाँ यसरी लेखिएको छ “९ मान्छेले दिएको साक्षीमा हामी विश्वास गर्दछौं। तर परमेश्वरले दिनुभएको

साक्षी अझ बलियो छ। परमेश्वरले नै आफ्नो पुत्रको बारेमा साक्षी दिनुभएको छ। १० त्यसो हुँदा परमेश्वरको पुत्रमाथि विश्वास गर्नेको आफ्नै हृदयभित्र यही साक्षी हुन्छ। तर परमेश्वरमा विश्वास नगर्नेचाहिँ परमेश्वरको साक्षीलाई नै झूटो सम्झन्छ किनभने उसले पुत्रको बारेमा परमेश्वरले दिनुभएको साक्षीलाई नै पत्याउँदैन। ११ साक्षी यही होः परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ र यो जीवनको मुहान् उहाँका पुत्रमा छ। १२ परमेश्वरको पुत्र हुनेसँग जीवन हुन्छ, पुत्र नहुनेसँग जीवन हुँदैन। १३ अनन्त जीवन पाएका छौ भनी तिमीहरूलाई निरन्तररुपमा थाहा होस् भनेर नै परमेश्वरका पुत्रमा विश्वास गर्ने तिमीहरूलाई यो लेख्दै छु।" (रूपान्तरित)।

तपाईंले मुक्ति किन पाउनुभएको छ? मुक्ति पाएको कुरालाई ढुक्क भएर तपाईं विश्वासका साथ जवाफ दिन सक्नुहुन्छ "किनभने येशू मेरो निम्ति मर्नुभयो।" त्यसको जवाफमा तपाईंले यी मिठा वचनहरू सुन्न सक्नुहुनेछ "सही जवाफ। अब तिमी स्वर्गको राज्यमा पस्न सक्नेछौ।"

---

*यस कथाका लेखक ५५ वर्षीय ग्लेन अर्नफोर्ड लाइ हुनुहुन्छ। उहाँ नर्वे ओस्लो अस्टमार्का सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको शिक्षक हुनुहुन्छ। उहाँ बिटाल सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको सदस्य र भूतपूर्व युवा पास्टर हुनुहुन्छ। उक्त चर्चमा भएको युवा सामूदायिक भवनको निर्माण गर्न सन् २०१७ मा तेह्रौं साबथ स्कुल भेटीको केही भाग पठाइएको थियो।*